नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
क्षेत्रीय शिक्षा निर्देशनालय
पश्चिमाञ्चल, पोखरा

फोन नं. : ०६१ ४६५०९६
फ्याक्स नं. : ०६१ ४६३१०४

प.सं. : ०७२/७३
च.नं. : ६२०

मिति : २०७३/०३/०५

**विषय : विवरण पेश गर्ने बारे ।**

श्री जिल्ला शिक्षा कार्यालय
१६ वटै (पश्चिमाञ्चल विकास क्षेत्र)

प्रस्तुत विषयमा शिक्षा विभाग, संस्थागत विद्यालय व्यवस्थापन शाखा, सानोठिमी, भक्तपुरको च.नं. १४६/०७३ मिति २०७३/३/२ को पत्रबाट "शैक्षिक सत्र २०७३ बाट कक्षा ६ र कक्षा ९ अनुमति प्राप्त गर्न नसकेका संस्थागत विद्यालयहरुको तपसिलमा आधारित नाम नामेसी विवरण शिक्षा विभागमा उपलब्ध गराउन शिक्षा मन्त्रालयबाट मिति २०७३/२/३० मा सचिव स्तरीय निर्णय भई आएकोले आफ्नो क्षेत्र अन्तर्गतका जिल्ला शिक्षा कार्यालयहरुबाट ७ दिन भित्र विवरण मगाई शिक्षा विभागमा पठाउन निर्देशानुसार अनुरोध छ" भनी लेखि आएको हुँदा तपसिलको शर्त पुगेका विद्यालयहरुको विवरण अनिवार्यरुपमा ७ दिन भित्र यस निर्देशनालयमा उपलब्ध गराउनुहुन अनुरोध छ ।

**तपसिल**

क. शिक्षा ऐन तथा नियमावली अनुसार भौतिक पूर्वाधार पूरा भएका,

ख. कक्षा ६ र ९ मा विद्यार्थी संख्या नियमानुसार पुगेका,

ग. २०७२ साल पुस भित्र नियमानुसार जिल्ला शिक्षा कार्यालयमा दर्खास्त पेश गरेका तर २०७२ साल चैत्रभित्र कक्षा थपको अनुमति पाउन नसकेका

घ. माथि बुँदा (क), (ख) र (ग) मा उल्लिखित विवरणहरु जिल्ला शिक्षा अधिकारी स्वयम्ले विद्यालयको स्थलगत निरीक्षण गर्ने र यी माथिका बुँदा (क), (ख) र (ग) का आधारमा कक्षा ६ र कक्षा ९ को कक्षा थप दिन उपयुक्त हुने विद्यालयको नाम शिक्षा विभागमा पेश गर्ने ।

...........................
का.मु. निर्देशक

**बोधार्थ :**
श्री शिक्षा विभाग
(संस्थागत विद्यालय व्यवस्थापन शाखा)
सानोठिमी, भक्तपुर :- तहाँको च.नं. १४६ मिति २०७३/०३/२ को पत्रको सन्दर्भमा ।